नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयबाट प्राप्त विवरण अनुसार मिति २०७८ ज्येष्ठ १७ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरुबाट २,९४० नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरुको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि ज्येष्ठ १७ गते १०५ क्वारेन्टिन स्थलहरुको अनुगमन गरिएको छ। देशभर अक्सिजन र स्वास्थ्यकर्मीहरुको निगरानी सहितका १,७०० र अक्सिजन सुविधारहित १,५०० आइसोलेसन सेन्टरहरु रहेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ १७ गते १६० स्थानमा अनुगमन भएको छ। साथै, विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने २,७२० सवारीसाधनलाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ७८,३९,१७६ थान मेडिकल उपकरणहरु, २४,१५५ एम.टी.क्यू. अक्सिजन, कोभिड-१९ टेस्ट किट तथा स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, सुर्खेत, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले ५७ आन्तरिक उडान भरी जम्मा १८६ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १९ रहेको छ। कोभिड १९ को नयाँ भेरियन्टको सङ्क्रमण नियन्त्रण र रोकथाममा प्रतिकूल असर नपर्ने गरी नेपाल आउने नेपाली तथा विदेशी नागरिकहरुको आवागमनलाई व्यवस्थित गर्न बनेको **नेपाली तथा विदेशी नागरिकहरु विदेशवाट नेपाल आउँदा पालना गर्नुपर्ने मापदण्ड, २०७८** नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट स्वीकृत भै लागू भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार माननीय परराष्ट्रमन्त्रीज्यूले यु.ए.इ. सरकारका मिनिस्टर अफ स्टेट, मिनिस्ट्री अफ फरेन अफेयर्स एण्ड इन्टरनेसनल कोअपरेसन, अनरेबल अहमेद अली अल सायेघसँग ज्येष्ठ १७ गते भर्चुअल बैठक गर्दै नेपालका लागि अहिले प्राथमिकतामा रहेका कोभिड-१९ विरुद्धको खोप तथा स्वास्थ्य सामग्रीहरु सहयोगका लागि आग्रह गर्नु भएको छ। २६ मे, २०२१ मा नेपाल र चीनका महामहिम राष्ट्रपतिज्यूहरू बीच भएको टेलिफोन संवादमा चिनियाँ सरकारले नेपाललाई प्रदान गर्ने १० लाख डोज खोपहरुमध्ये चाइना इन्टरनेसनल डिभलपमेन्ट कोअपरेसन एजेन्सीले दिने ८ लाख डोज खोप नेपाल वायुसेवा निगमको चार्टर्ड विमानबाट आज दिउसो १:४५ बजे त्रिभुवन अन्तर्राष्ट्रिय



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

विमानस्थलमा आइपुगेको जानकारी नागरिक उड्डयन प्राधिकरण मार्फत प्राप्त भएको छ। चिनियाँ सरकारले नेपाललाई प्रदान गर्ने १० लाख डोज खोपमध्ये चीनको स्वायत्त क्षेत्र तिब्बत सरकारले प्रदान गर्ने २ लाख डोज खोपहरुमध्ये हिमालयन एयरलाइन्सको चार्टर्ड विमानबाट आज बिहान ५०,४०० खोप ल्याइएको र साँझ ६:४० बजे ५०,४०० खोप ल्याइने जनाइएको छ। चीन सरकारले घोषणा गरेको ५ मिलियन (चिनियाँ मुद्रा) बराबरको अतिरिक्त अनुदान सहायता अन्तर्गतको ३,५०० अक्सिजन सिलिन्डर र १० भेन्टिलेटर मध्ये प्राप्त हुन बाँकी रहेको १,५०० अक्सिजन सिलिन्डर र चाइना कल्चरल मिडिया ग्रुप कम्पनी लिमिटेडले नेपाल सरकारलाई प्रदान गरेको ५,२७,५०० थान के.एन.-९५ मेडिकल फेस मास्क आज बिहान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिले बुझिलिनु भएको छ।

यस महामारीको जोखिमबाट हरेक व्यक्तिको जीवन रक्षा गर्ने/गराउने कार्यमा सकारात्मक उर्जाका साथ सरिक हुन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/१८

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np